कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्याः २०८२/०८३ (स्था.से.क.प्र.)   च.सं.: ४३८१   मिति : २०८२/१०/१५

विषयः- स्थानीय तहको पद दर्ता गर्ने।

श्री स्थानीय तह (सबै),
कर्णाली प्रदेश।

उपर्युक्त विषयमा कर्णाली प्रदेश, अन्तर्गतका विभिन्न स्थानीय तहमा रिक्त पदमा पदपूर्ति गर्न यस कार्यालयबाट कर्मचारी विवरण मागको लागि पटक पटक लेखिएको सन्दर्भमा स्थानीय तहले प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन बमोजिम प्रदेश कर्मचारी अभिलेखालयमा पद दर्ता गरी माग आकृति फारम भरी पदपूर्तिको प्रक्रिया अगाडी बढाउने कानूनी प्रावधान अनुसार यस कार्यालयको पत्र सङ्ख्या ३/५/२०८२/०८३ (कर्मचारी अभिलेख शाखा), चलानी नं. १४६२, मिति २०८२/०८/०२ गतेको पत्रमा उल्लिखित देहायको प्रक्रिया अनुसार स्वीकृत पद दर्ता गर्ने कार्य गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ।

देहायः

क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६ मा पठाएको स्वीकृत सङ्गठन संरचना तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट थप गरी पठाएको भए सो दरबन्दी विवरणको समेत प्रमाणित प्रतिलिपि।

ख) स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को अनुसूची-१ बमोजिम स्थानीय सेवामा रहने समूह तथा उपसमूह र अनुसूची-२ बमोजिम स्थानीय सेवामा रहने तह, पद र शैक्षिक योग्यता अनुसार पद मिलान गरी सोको गाउँसभा तथा नगरसभाबाट स्वीकृत दरबन्दी विवरण।

ग) पद दर्ताका लागि प्रमुख प्रशासकीय अधिकृतबाट पत्र।

(दिपेन्द्र कुमार सिंह)
शाखा अधिकृत

वीरेन्द्रनगर-७ ईत्राम, सुर्खेत ।
टेलिफोन : ०८३-५२२५००, ५२२५५५, ५२५६१९, ५२४८३२, ५२२५३३, ५२११२५, ५२१०८५
इमेलः ocmcmkarnali@gmail.com
वेबः http://www.ocmcm.karnali.gov.np

CamScanner